नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोनः ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्सः ०१०-५२०२७७
daodhading@moha.gov.np

प.सं. २०७७/७८
च.नं.

मितिः २०७८।०१।०७

## अत्यन्त जरूरी सूचना

विश्वभर फैलिँदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा पनि बढ्दै गएको सन्दर्भमा समयमै सावधानी अपनाउन नेपाल सरकार, मन्त्रिपरिषदको मं.प.बै.सं. १।०७८, मिति २०७८।०१।०६ को बैठकको निर्णय, जिल्ला संकट व्यवस्थापन सञ्चालन केन्द्र (DCCMC) तथा जिल्ला सुरक्षा समिति, धादिङको मिति २०७८।०१।०७ को निर्णयानुसार निम्नानुसार गर्नु, गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. कुनै व्यक्ति मास्क नलगाई आएमाः

   क. सार्वजनिक यातायातमा चालक वा सहचालकले तथा कार्यालय तथा पसल, होटल तथा रेष्टुरेन्टजस्ता सार्वजनिक स्थानमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने ।

२. विद्यालय र क्याम्पसका पूर्वनिर्धारित परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने,

३. निम्न कार्यहरू २०७८ बैशाख मसान्तसम्मका लागि बन्द गर्नेः

   क. पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाँचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरू,

   ख. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पुरा गरी हुने नित्य पूजा, ध्यान र प्रार्थना बाहेकका कार्यहरू ।

४. जनस्वास्थ्यका मापदण्ड पुरा गरी निम्न कार्य २५ जनाभन्दा बढी जम्मा नभई गर्नेः

   क. पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू,
   *(विवाह वा व्रतबन्धको लागि पार्टी प्यालेस, होटल प्रयोग गर्नुपर्ने भए प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिने)*

   ख. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समिक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलाप भर्चुअल माध्यमबाट सम्भव नभई भौतिक रुपमा उपस्थित भई गर्नैपर्ने भएमा,

   ग. जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने गरी एक पटकमा २५ जनाभन्दा बढी नहुने गरी, दुई मिटरको दूरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, साबुन पानीले हात धुने वा स्यानिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने ।

गोकर्ण प्रसाद उपाध्याय
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोन: ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्स: ०१०-५२०२७७
daodhading@moha.gov.np

प.सं. २०७७/७८

५. सार्वजनिक यातायात सञ्चालन गर्दाः

क. सिट क्षमताभन्दा बढी यात्रु नराख्ने,

ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग. सवारी साधनको ढोकामा र भित्र स्यानिटाइजरको व्यवस्था गर्नु पर्ने,

घ. चालक र सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने ।

६. होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्दाः

क. विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म सञ्चालन गर्ने । उक्त समय बाहेकको समयमा टेकअवे र होम डेलिभरी सेवामात्र उपलब्ध गराउने,

ख. कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

ग. सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

घ. कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्ने,

ङ. स्यानिटाइजरको व्यवस्था गर्नु पर्ने,

च. दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने ।

७. आम नागरिकको कर्तव्यः

क. जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्ने,

ख. घर बाहिर निस्किँदा अनिवार्य मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका मास्क डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी ५ दिनपछि मात्र विसर्जन गर्ने,

ग. सार्वजनिक स्थानमा जथाभावी नथुक्ने, प्रयोग गरेको मास्क जथाभावी नफाल्ने,

घ. कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ आए तापनि कम्तीमा १० दिन होम क्वारेन्टीनमा वस्ने,

ङ. पि.सि.आर. परीक्षणका लागि स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने,

च. क्वारेन्टीन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,

छ. होम आइसोलेसनमा बसेका व्यक्तिले स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पताल जाने ।

पुनश्चः उल्लिखित कुराहरूको अवज्ञा गर्ने वा कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ ।

गोकर्ण प्रसाद उपाध्याय
सहायक प्रमुख जिल्ला अधिकारी